नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, असार ७ गते २०३९ साल (संख्या १०

श्री ५ को सरकार

परराष्ट्र मन्त्रालयको

सूचना

विदेशी राज्य र कूटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी श्री ५ को सरकारले श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक एवं साँस्कृतिक संगठन (युनेस्को) बीच मिति २०३८।६।१४ (तदनुसार) ३० सेप्टेम्बर १९८१ मा सम्झौता सम्पन्न भै नेपालमा प्रधान कार्यालय रहने गरी अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र नामक अन्तर्राष्ट्रिय संस्थाको स्थापना भएकोले उक्त केन्द्र तथा केन्द्रको कर्मचारी वर्ग समेतलाई सुविधा तथा उन्मुक्ति प्रदान गर्न यो आदेश जारी गरिएको छ :–

(क) अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रलाई, सो केन्द्रको संचालक समितिका सदस्यहरूलाई एवं केन्द्रको निर्देशक एवं सहायक निर्देशकलाई नेपाल अधिराज्यमा रहँदा र आफ्नो कर्तव्य पालनको सिलसिलामा उक्त ऐन अन्तर्गतका सबै सुविधा एवं उन्मुक्तिहरू प्रदान गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) युनेस्कोलाई, युनेस्कोका उक्त केन्द्रमा काम गर्न भनी खटिएका अधिकृत एवं विशेषज्ञ लगायतका अधिकृतहरूलाई तथा केन्द्रका विदेशी कर्मचारीहरूलाई पनि आफ्नो कर्तव्य पालनको सिलसिलामा उक्त ऐन अन्तर्गतका सबै सुविधा एवं उन्मुक्तिहरू प्रदान गरिएको छ ।

(ग) उक्त केन्द्रको संचालक समितिमा भाग लिन आउने विदेशी राज्य एवं संस्थाका प्रतिनिधिहरूलाई संचालक समितिको बैठकमा भाग लिन आउँदा उक्त ऐन अन्तर्गतका सबै सुविधा एवं उन्मुक्तिहरू प्रदान गरिएको छ।

आज्ञाले,
जगदीश शमशेर राणा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।